बैठक संख्या : १४

आजमिति २०७५ साल वैशाख ६ गतेका दिन गाउपालिका अध्यक्ष श्री लछिमन बोहोरा ज्युको अध्यक्षतामा गाउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष |
| श्री धुन्नकली महतरा | उपाध्यक्ष |
| श्री दक्त बहादुर बुढा | सदस्य |
| श्री कन्न बोहोरा | सदस्य |
| श्री विर्वराम बोहोरा | सदस्य |
| श्री कालि बहादुर रावत | सदस्य |
| श्री हिल बहादुर बुढा | सदस्य |
| श्री भ्रन बहादुर थापा | सदस्य |
| श्री लाल बहादुर बुढा | सदस्य |
| श्री लक्ष्मी बोहोरा | सदस्य |
| श्री जानकली बुढा | सदस्य |
| श्री माया बुढा | सदस्य |
| श्री बेबी ऐडी | सदस्य |
| श्री मैनाकामी | सदस्य |
| श्री पानकली नेपाली | सदस्य |
| श्री राम बहादुर बुढा,प्रमुख प्रशासकियअधिकृत | सदस्य सचिव |

**आमन्त्रितहरु**

१ लच्छिराम महत
२ मान बहादुर विष्ट
३ वीर बहादुर रावल
४ विष्णु बहादुर बुढा

**बैठकका एजेण्डाहरु**

- सडक सर्भेक्षण सम्बन्धमा
- सार्वजनिक सुनुवाई सम्बन्धमा
- पर्यटकिय स्थल तथा पशु क्षेत्रहरुको भ्रमण सम्बन्धमा
- ठेक्का प्रक्रियाबाट घटेको वजेट सम्बन्धमा ।
- अन्य विविध

Scanned with CamScanner

## निर्णयहरु

निर्णय नं.–१

विगतमा साविककागा.वि.स.हरुबाट निर्माण गरिएका सडकहरुको Alignment, Turning र widening नमिलेको हुंदाचालु आ.व.०७४/७५ को स्विकृत बजेटबाट देहायका सडकहरुको विस्तृत सर्भेक्षण गर्ने निर्णय गरियो ।

**तपसिल**

क) स्यालागढीगाउ चोत्राजोड्ने सडक
ख) तल्फी महरी सडक
ग) लौटचौर बुरु मान्धारा सडक
घ) लुमगाउमान्धारा सडक
ङ) लासीतिर्खु नेटीलाङ्ना मुरुली सडक
च) छुमचौर हरीमहरी सडक
छ) तल्लो लोर्प वाताजोड्ने सडक
ज) उर्थु वाता सडक

निर्णय नं.–२

आ.व.०७४/७५ को स्विकृत कार्यक्रम बमोजिम यस गाउपालिकामा सञ्चालित कार्यक्रम तथा योजनाहरुको मिति २०७५ वैशाख महिना भित्र सार्वजनिक सुनुवाई गर्ने निर्णय गरियो ।

निर्णय नं.–३

पातारासी गाउपालिका अन्तर्गतका विभिन्न पर्यटकीय क्षेत्रहरुको पहिचान गर्न र अन्तर स्थानीय तहहरुमा पशु विकास सम्बन्धी कार्यक्रमहरुको अध्ययन अवलोकन गर्नका लागि कार्यक्रम तयार गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.–४

आ.व.०७४/७५ को स्विकृत कार्यक्रम अनुसार उर्थु पेरे चोत्रा जोड्ने सडकको टेण्डर प्रक्रियाबाट बचत हुन आएको रकमबाट समय अभावका कारणले पुन टेण्डर गर्न नसकिने अवस्था भएको हुंदा कार्यालयले अन्य प्रक्रियाबाट काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.–५

आ.व.०७४/७५ को सडक बोर्ड कार्यक्रमबाट प्राप्त बजेटबाट लासी तिर्खु हुदै लेटीलेखसम्म ग्रामीण सडकमा विनियोजन गरी काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.–६

आ.व.०७४/७५ को स्विकृत कार्यक्रम अनुसार उर्थु पेरे चोत्रा जोड्ने सडकको टेण्डर प्रक्रियाबाट बचत हुन आएको रकमबाट समय अभावका कारणले पुन टेण्डर गर्न नसकिने अवस्था भएको हुंदा कार्यालयले प्रक्रिया पुर्याई काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.–७

आ.व.०७४/७५ को संस्कृति प्रवर्द्धन कार्यक्रममा विनियोजन भएको रकम मध्येबाट प्रत्येक वडामा विभिन्न मठमन्दिरहरुको मर्मत संभार कार्यका लागि प्राप्त वडा कार्यालय र गाउपालिकामा आएको निवेदन अनुसार प्रति वडा रु.६०,०००।०० विनियोजन गरी वडा कार्यालयको शिफारिसमा मर्मत कार्य सञ्चालन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner